निर्णयः-

१. आजको बैठकमा प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदनको सुझावको खण्ड 'क' र 'ख' लाई देहायबमोजिम परिमार्जन गरी पारित गर्ने निर्णय गरियो ।

क) कृषि व्यवसायमा संलग्न नेपाली नागरीकहरु(कृषक)लाई राज्यको तर्फबाट प्रदान गर्ने अनुदान, सहुलियत र सुविधाहरु पारदर्शी र अनुमानयोग्य(Predictable) बनाउन कृषि अनुदान वितरण सम्बन्धी अलग्गै विधेयक तर्जुमा गरी संसद समक्ष पेश गर्न नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने।

ख) जैविक तथा प्राङ्गारिक मल कारखाना स्थापना गर्दा भौगोलिक क्षेत्र तोकी अनुमति दिने र नेपाल सरकारले लागू गरेको कृषि विकास रणनीति(Agriculture Development Strategy) मा उल्लेख भए बमोजिम भौचर प्रणाली मार्फत कृषकलाई अनुदान दिन आवश्यक व्यवस्था गर्न नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने।

२. प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदनको सुझावको खण्ड 'ग' को सम्बन्धमा छलफल गर्दा प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि, २०६८ कुन कानूनले प्रदान गरेको प्रत्यायोजित अधिकार अन्तर्गत रही तर्जुमा गरिएको हो ? सो कुरा स्पष्ट गर्न नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो।

३. भूमी सम्बन्धी ऐन, २०२१ र भू-उपयोग सम्बन्धमा भएका काम कारवाहीहरुको सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो।

४. सर्वोच्च अदालत बार एशोसिएसनले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिसँग सहकार्य गर्न प्रस्ताव गरेकोमा सर्वोच्च बार एशोसिएसनका पदाधिकारीसँग थप छलफल गर्ने निर्णय गरियो।

५. त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालयले राजपत्र उपलब्ध गराइदिन सहजीकरणको लागि यस समितिलाई अनुरोध गरेकोमा मुद्रण विभागका महानिर्देशकसँग छलफल गर्ने निर्णय गरियो।

६. अन्त्यमा, सभापतिज्यूले बैठकमा उपस्थित समितिका मा.सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गर्नु भयो।